**प्रस्तावः (मिति २०७६/१०/१०, शुक्रबार, ७४ औं कार्यपालिका बैठक)**

१. आर्थिक सहयोग सम्वन्धमा
२. माटो परिक्षण तथा प्राङ्गारिक पकेट क्षेत्र सम्वन्धमा
३. विपद व्यवस्थापन समिति निर्णय सम्वन्धमा
४. सडक मानव मुक्त नगर घोषणा सम्वन्धमा
५. लागत सहभागिता सम्वन्धमा
६. विदेश भ्रमण अनुमोदन सम्वन्धमा

**निर्णय नं. १ः**

घोराही उपमहानगरपालिकामा निम्न संस्थाबाट तपशिल बमोजिमका कार्यक्रमका लागि आर्थिक सहयोग माग भै आएको हुँदा देहाए अनुसार आर्थिक सहयोग निम्न शिर्षकबाट दिने ।

| क्र.स | संस्थाको नाम | सहयोग रकम रु | भुक्तानी शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १. | बस्तु तथा सेवा उपभोक्ता संरक्षण संघ | १०००००।०० | अन्य संस्था सहायता | |
| २ | घोराही व्याडमिनटन क्लब | १५००००।०० | अन्य संस्था सहायत | |

**निर्णय नं. २ः**

**२.१** घोराही उपमहानगरपालिकाको आ.व. २०७६/०७७ को केन्द्रीय प्रयोगशाला कार्यक्रम सि.नं. ३१२०११०५ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार माटो परिक्षण गरि माटो सुधारका लागि सामग्री / प्रविधि वितरण/ हस्तान्तरण कार्यक्रम अन्तर्गत माटो परिक्षण सिविर संचालन घोराही उपमहानगरपालिकाका साविककै सेवा केन्द्रमा गर्ने ।

**२.२** प्रदेश नं. ५ कृषि विकास निर्देशनालयको प.स. २०७६/०७७ च.नं. ३४७ मिति २०७६/१०/५ को स्थानीय तहबाट सम्भावित प्राङ्गारिक पकेट क्षेत्र तोक्ने पत्रानुसार घोराही उपमहानगरपालिकाको तपशिल बमोजिमका वडाहरुको स्थानलाई प्राङ्गारिक पकेट क्षेत्र तोक्ने ।

तपशिलः
१) वडा नं.१ को हर्नोक
२) वडा नं. २ को चाक्लीघाट
३) वडा नं. १२ को गुरौ
४) वडा नं. १६ को मघै
५) वडा नं. १९

**निर्णय नं. ३ः**

घोराही उपमहानगरपालिका सरसफाई वातावरण तथा विपद व्यवस्थापन समितिको मिति २०७६/१०/०९ को तपशिल अनुसारको निर्णय अनुमोदन गर्ने ।

तपशिलः
आ.व ०७६/०७७ को घोराही उपमहानगरपालिका वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत खरको छानो विस्थापन गर्ने कार्यका लागि वडागत रुपमा छुट्टिएको बजेट रकमको अनुपातमा सोही बराबरको रकम बजेट विनियोजित वडाहरुलाई नगरस्तरीय बजेट शिर्षक नं. १७२ अन्तर्गत विनियोजित रु. १ करोड बाट अनुदान स्वरूप उपलब्ध गराउने ।

| क्र.स. | वडामा विनियोजित बजेट शिर्षक | बजेट रु. | नगरबाट विनियोजित शिर्षकबाट थप बजेट गरि कूल बजेट रु. |
|---|---|---|---|
| १. | वडास्तरीय, वडा नं. १ बजेट शिर्षक ५५९ विपन्न परिवारका खरको छानालाई टिन वितरण | १०६०००० | २१२०००० |
| २. | वडास्तरीय, वडा नं. ४ बजेट शिर्षक ७१५ विपन्न परिवारका खरको छानो मुक्त कार्यक्रम | १२००००० | २४००००० |
| ३. | वडास्तरीय, वडा नं. ७ बजेट शिर्षक ९२८ खरको छानो विस्थापितको लागि टिन खरिद | ७००००० | १४००००० |
| ४. | वडास्तरीय वडा नं. १२ बजेट शिर्षक नं. १२१७, अति विपन्न अशक्त तथा सुबिधाबाट बन्चित परिवारको लागि खरका विस्थापन गरि टिनको छाना बनाउन सहयोग | ३००००० | ६००००० |
| ५. | वडास्तरीय, वडा नं. १३ बजेट शिर्षक १३३० खरको छानो मुक्त कार्यक्रम | ५००००० | १०००००० |
| ६. | वडास्तरीय, वडा नं. १७ बजेट शिर्षक १५५१ खरको छानो विस्थापन कार्यक्रम | ३००००० | ६००००० |
| ७. | वडास्तरीय, वडा नं. १९ बजेट शिर्षक १६४४ वडा भित्रका घरहरुमा खरको छानो विस्थापन गर्न | ५००००० | १०००००० |

**निर्णय नं. ४ः**
नील सागर असहाय अशक्त तथा ज्येष्ठ नागरिक पुनर्स्थापना केन्द्र, शान्तिनगर बाँकेको मिति २०७६/१०/०९ गतेको पत्रानुसार उक्त संस्थाले घोराही उपमहानगरपालिकामा सडकमा जीवनयापन गर्न बाध्य मानवहरुको उद्दार कार्यमा निरन्तर सक्रिय रुपमा कार्य गरिरहेको हुनाले यस उपमहानगरपालिकालाई मिति २०७६/११/१६ गते देखि सडक मानव मुक्त नगर घोषणा गर्ने।

**निर्णय नं. ५:**

घोराही उपमहानगरपालिका क्षेत्र भित्र निर्माण हुने धार्मिक स्थलहरु तथा जेष्ठ नागरिक दिवा सेवा केन्द्रहरुका लागि भौतिक संरचना निर्माण गर्दा उपर्युक्त संस्थाबाट लागत सहभागिता व्यहोर्न सक्ने स्थिति नभएको हुँदा ति संस्थाको लागि उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा लागत सहभागिता छुट दिने ।

**निर्णय नं. ६ :**

National Science and Technology Centre for Disaster Reduction Taiwan को निमन्त्रणामा स्थानीय तहमा स्मार्ट विपद जोखिम व्यवस्थापन विषयक गोष्ठीमा सहभागी हुन यस उपमहानगरपालिकाको तर्फबाट सहभागी हुनुहुने नगर प्रमुख श्री नरुलाल चौधरीज्यु र विपद व्यवस्थापन समितिका संयोजक/ १४ नं. वडा अध्यक्ष श्री शक्तिराम डाँगीज्यू को मिति ८ फेब्रुअरी २०२० देखि ११ फेब्रुअरी सम्म हुने ताइवान भ्रमण अनुमोदन गर्ने ।